नेतृत्वदायी भूमिका गाउँपालिकाले निर्वाह गर्नुपर्दछ । यसतर्फ परिलक्षित गर्दै वजेट विनियोजनमा प्राथमिकता दिएको छु ।

आदरणीय अध्यक्ष महोदय,

अव म, आगामी बर्षको लागि प्रस्ताव गरेको आय व्ययको खाका र हामीले उच्च प्राथमिकता दिएका विषयवस्तुका बारेमा प्रकाश पार्न चाहान्छु । आगामी आर्थिक वर्षको लागि आन्तरिक आम्दानी रु ८६,२०,०००। केन्द्र सरकारबाट प्राप्त राजश्व बाँडफाँड वापको रकम रु ७,३३,८७,०००। वित्तिय समानीकरण वापत रु ९,७५,००,०००। सशर्त अनुदान रु १९,१९,००,०००। प्रदेश सरकारबाट प्राप्त राजश्व बाँडफाँड वापतकोरकम रु १७,२५,०००। वित्तिय समानीकरण वापत रु ७९,४१,०००। र सशर्त अनुदान रु २,३४,३६,०००। जिल्ला समन्वय समितिबाट राजश्व बाँडफाँड वापत प्राप्त हुनसक्ने रु ६५,००,०००। चालु आर्थिक वर्षको खर्च हुन बाँकी रु १,६१,२६,७६८। र जनसहभागिता रू १,२०,००,०००। गरी जम्मा कुल श्रोत रु. ४३,९१,३५,७६८। प्रक्षेपण गरेको छु ।

उपस्थित महानुभावहरु,

जनताले अपेक्षा गरे अनुसारको लक्ष्य हासिल गर्नको लागि कुनै पनि खालका चुनौतीहरुबाट विचलित नभई सिंगो गाउँपालिकामा सबै क्षेत्रको समानुपातिक विकास गर्ने कार्यमा दृढता व्यक्त गर्दै म र मेरो सहनेतृत्वको सिङ्गो गाउँपालिका लाग्ने विश्वास लिएको छु। प्रस्तुत अभियानमा जनप्रतिनिधिज्यूहरु, विभिन्न सरकारी, गैर सरकारी संघ संस्था, नागरिक समाज, बुद्धिजिवी, समाजसेवी लगायत अन्य सरोकारवाला समेतको सहकार्य र सहयोगको अपेक्षा गरेकोछु । रोशी गाउँपालिका क्षेत्रको समग्र विकासको लागि वजेट निर्माण प्रक्रियामा संलग्न सरोकारवाला सबैको सहायताले देहाय अनुसारको क्षेत्रमा बजेट विनियोजन गरेको छु ।

१. चालु तर्फ रु ७,०६,५१,७६८। रुपैयाँ विनियोजन गरेको छु ।

२. रोशी गाउँपालिका भौगोलिक दृष्टिकोणले अत्यन्त विकट हुँदाहुँदै पनि सम्भावनायुक्त क्षेत्र समेत भएको र पूर्वाधारको समुचित विकास



विना अन्य क्षेत्रको विकासमा कठिनाई हुने भएकोले पूर्वाधार विकासमा आगामी आ.व. को लागि रु ४,३५,५०,०००। विनियोजन गरेको छु ।

३. त्यसैगरी शिक्षा, स्वास्थ्य, संस्कृति प्रवर्द्धन, लैगिक समानता तथा सामाजिक समावेशीकरण, खानेपानी तथा सरसफाई तथा जनसंख्या व्यवस्थापनको क्षेत्रमा रु ३,७१,३४,५००। विनियोजन गरेको छु ।

४. जलवायु परिवर्तनको कारण वातारणमा परेको नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न तथा भौगोलिक विकटताको कारण सबै क्षेत्रमा पुग्न सक्ने क्षति न्यूनिकरण तर्फ केन्द्रित भई विपद व्यवस्थापन विकास तथा वातावरण संरक्षणको लागि रु १,६९,५०,०००। विनियोजन गरेको छु ।

५. रोशी गाउँपालिकाको आर्थिक मेरुदण्ड कृषि क्षेत्र भएकोले आगामी आ.व. को बजेटमा कृषिलाई प्राथमिकता दिई वजेट विनियोजन गरेको छु । त्यसैगरी रोशीको समग्र विकासको लागि सहकारी, उद्योग तथा वाणिज्य, वित्तिय क्षेत्र तथा पर्यटनको महत्वपूर्ण योगदान भएकोले आर्थिक विकासमा रु १,५८,५१,०००। विनियोजन गरेको छु ।

६. त्यसैगरी संस्थागत विकास तथा सेवा प्रवाहको लागि रु २,७६,६३,०००। विनियोजन गरेको छु ।

उपस्थित महानुभावहरु,

मैले गाउँपालिकाको आगामी आर्थिक वर्षको लागि प्रस्ताव गरेको बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गरेको छु । यस सम्बन्धी विस्तृत नीति तथा कार्यक्रम र बजेटको विवरण नीति तथा वजेट, कार्यक्रम पुस्तिकामा प्रकाशित भई यहाँहरुको हातहातमा परिसकेको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउँदछु । वडा तथा वस्तीस्तरीय भेलामा अधिकांश जनताको सहभागितामा छनौट र प्राथमिकीकरण भएका योजनाहरु प्राथमिकतामा पर्दापर्दै पनि पालिकाको सिमित श्रोत तथा संघबाट प्राप्त न्यून बजेट सिलिङ्गका कारणले